नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८०/०८१ चलानी नं.:- ३२६

मितिः-२०८०/१०/२६

ने.सं. ११४४ पोहेलागा १४

विषयः- जानकारी सम्वन्धमा।

श्री स्थानीय तह (सबै)।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, रोजगार समन्वय तथा सूचना शाखाको च.नं. ६१ मिति २०८०/१०/२४ को सूचना प्रकाशन सम्बन्धी पत्र आवश्यक कार्यार्थ पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(दीपेश कट्टेल)

शाखा अधिकृत

बोधार्थ:

श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरबार, काठमाडौं।

श्री सूचना तथा प्रविधि शाखा:- Website मा Upload गरिदिनुहुन।

श्री रोजगार शाखा

२०८०/११/२

चन्द्रपुर नगरपालिका कार्यालय

दर्ता नं २०३५

दर्ता मिति २०८०/११/०२

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

(रोजगार समन्वय तथा सूचना शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः- २.२/०८०/८१
चलानी नं.:- ६१

दर्ता नं.:- 3056
दर्ता मिति:- 2080/10/28

मितिः वि.सं. २०८०/१०/२४
ने.सं.११४४ पोहेलागा, १२ बुधवार

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाण्डौ ।

विषयः सूचना प्रकाशन सम्बन्धमा ।

यस मन्त्रालयबाट चालु आ.व. २०८०/८१मा प्रदान गरिने "**वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा उद्यम गरी बसेका उद्यमीलाई राष्ट्रिय सम्मान तथा पुरस्कार**"को लागि आवेदन माग गरिएको सूचना सबै स्थानीय तहको वेवसाइट तथा सूचनापाटीबाट प्रकाशन गर्न तहाँबाट सबै स्थानीय तहमा प्रेषित हुने व्यवस्थाका लागि उक्त सूचना यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ।

(उषा थपलिया (पाण्डे))
शाखा अधिकृत

स्थानीय तह समन्वय शाखा
10/24

टेलिफोन नं.:- ०१-४२११९६३, ०१-४२००५९५, फ्याक्स नं.:- ०१-४२११८७७, टोल फ्रि नं.:- १६६००१५०००५, श्रम कल सेन्टर फोनः- ११४१

नेपाल सरकार

**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**

सिंहदरबार, काठमाडौं ।

# वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा उद्यम गरी बसेका उद्यमीलाई राष्ट्रिय सम्मान तथा पुरस्कारको लागि आवेदन दिने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति:- २०८०।१०।२४**

वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा उद्यम गरी राष्ट्रिय उत्पादन र रोजगारीमा योगदान गरिरहेका उद्यमीहरूलाई उनीहरूको योगदानको कदरस्वरुप पुरस्कृत गरी स्वरोजगारीलाई प्रोत्साहन गर्ने उद्देश्यले प्रदान गरिने पुरस्कारका लागि देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकले **"विदेशमा काम गरी फर्केका उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कार व्यवस्थापन कार्यविधि, २०७६"** को अनुसूची २ अनुसारको आवेदन फाराम भरी खामबन्दी गरी तपसिलमा उल्लेखित कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन (मिति २०८०/११/१५) भित्र यस मन्त्रालयको रोजगार समन्वय तथा सूचना शाखामा दर्ता गराउन वा स्क्यान गरी मन्त्रालयको इमेल ठेगाना **info@moless.gov.np** मा पठाउनु हुन सूचित गरिन्छ । आवेदनको फाराम र सो सम्बन्धी कार्यविधि यस मन्त्रालयको वेबसाइट **www.moless.gov.np** बाट download गर्न सकिनेछ । थप जानकारी लागि **www.moless.gov.np** हेर्नुहुन वा फोन नं. **०१-४२११६७८** मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| आवश्यक योग्यता | अनुसूची फाराम २ साथ संलग्न गर्नुपर्ने कागजात (प्रतिलिपिको हकमा स्वयं प्रमाणित गर्नुपर्ने ) |
|---|---|
| • कार्य भिसामा विदेश गई कम्तिमा १ वर्ष काम गरी फर्किएको हुनुपर्ने ।<br>• वैदेशिक रोजगारीबाट नेपाल फर्की व्यवसाय सञ्चालन गरेको न्यूनतम १ वर्ष पुरा भएको हुनुपर्ने ।<br>• विगत छ वर्ष भित्र यस मन्त्रालयबाट यसप्रकारको पुरस्कार प्राप्त नगरेको हुनुपर्ने । | १) नेपाली नागरिकताको प्रतिलिपि,<br>२) श्रम स्वीकृतिको प्रतिलिपि,<br>३) भिसा सहितको राहदानीको प्रतिलिपि,<br>४) व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>५) कर दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>६) गत आ.व. २०७९/८० को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,<br>७) यसअघि पुरस्कार प्राप्त नगरेको स्वघोषणा । |

**पुनश्च: विगत वर्षहरुमा यस प्रकारको पुरस्कारको लागि आवदेन पेश गरेका तर पुरस्कारको लागि छनौटमा नपरेका उद्यमीहरुले समेत आवेदन दिन सक्नेछन् ।**